http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ७, अङ्क १, २०७६ बैशाख Year 7, Issue 1, Apr.-May 2019

## राजस्व संकलनमा २२.११ प्रतिशतको वृद्धिदर

आर्थिक वर्ष २०७५।७६ बैशाख महिनाको लागि विभागलाई रु. २८ अर्ब ८७ करोडको राजस्वको लक्ष्य तोकिएकोमा रु. २६ अर्ब ५९ करोड संकलन भई लक्ष्यको तुलनामा ९२.०९ प्रतिशत हासिल भएको छ। यो गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा २२.११ प्रतिशतले बढी हो । शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु. १० अर्ब २३ करोड लक्ष्य रहेकोमा रु. ९ अर्ब ६५ करोड संकलन भई लक्ष्यको तुलनामा ९४.३४ प्रतिशत संकलन भएको छ। मूल्य अभिवृद्धि करतर्फ रु. ९ अर्ब ६२ करोड लक्ष्यमा रु. ७ अर्ब ४५ करोड अर्थात लक्ष्यको ७७.४९ प्रतिशत संकलन भएको छ। अन्तः शुल्कतर्फ रु. ९ अर्ब १५ करोड संकलन भएको छ जुन रु. ८ अर्ब ९३ करोड लक्ष्यको १०२.५० प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रु. ८ करोड ८१ लाख लक्ष्यमा रु. ७ करोड ५९ लाख संकलन

बाँकी पृष्ठ ५ मा

## पूर्व बजेट छलफल कार्यक्रम सम्पन्न






२०७६ बैशाख २७ र २८ गते आन्तरिक राजस्व विभागमा पूर्व बजेट छलफल कार्यक्रम सम्पन्न भएको छ।

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले बजेट तयारीको महत्वपूर्ण घडीमा यस्तो कार्यक्रम आयोजना गरेकोमा विभागलाई धन्यवाद दिँदै विगतमा राजनीतिक अस्थिरता लगायतका विविध कारणले आन्तरिक राजस्व प्रशासनमा सुधारको गति अपेक्षित हुन नसकेको तर अब स्पष्ट नीतिका साथ अर्थतन्त्रको आधार तय भईसकेकोले

बाँकी पृष्ठ ३ मा....

### यसभित्र

BRITACOM को स्थापना र संस्थापक सदस्यको रुपमा नेपालको आवद्धता पृष्ठ ४

लेखा परीक्षणमान सम्वन्धमा अभिमुखिकरण कार्यक्रम, जनकपुर पृष्ठ ७

कार्यालय परिचय आन्तरिक राजस्व कार्यालय, दमौली पृष्ठ १३

# महानिर्देशकको सन्देश



**आगामी आर्थिक वर्ष २०७६।७७ को वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्न राजस्व परामर्श समिति अन्तर्गत आन्तरिक राजस्व उपसमितिलाई दिइएको कार्यक्षेत्र र जिम्मेवारी बमोजिम आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क सम्बन्धी कानुनी, प्रशासनिक एवम् प्रणालीगत सुधारका विषयमा विभिन्न ५ कार्यदल निर्माण गरिएकोमा कर परिवारका सदस्यहरूबाट प्राप्त सुझाव समेत समावेश गरी आन्तरिक राजस्व उपसिमितको प्रतिवेदन पनि अर्थ मन्त्रालयमा पेश गरिसकेका छौं ।**

हामी चालु आर्थिक वर्षको लागि तय गरिएका कार्यगत लक्ष्यहरुको कार्यान्वयनको दसौं महिनामा आइपुगेका छौं। यस अवधिमा आइपुग्दा हामीलाई तोकिएको राजस्व लक्ष्यको तुलनामा करिब ८७ प्रतिशत मात्र प्रगति हासिल भएको छ। अहिले हाम्रो कांधमा दुईबटा महत्वपूर्ण जिम्मेवारी रहेका छन्। एकातर्फ चालु बर्षका लागि तोकिएको राजस्वको लक्ष्य पूरा गर्नका लागि हाम्रा हरेक गतिविधिहरु परिलक्षित गरी अधिकतम उपलब्धि हासिल गर्नुपर्ने छ भने अर्कोतर्फ आगामी आर्थिक वर्ष २०७६।७७ को वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने नीतिगत, कानुनी र प्रणालीगत सुधारका कार्यसूची सहित राय सुझाव प्रस्तुत गरी बस्तुनिष्ठ र कार्यान्वयनयोग्य नीति तथा कार्यक्रमको तर्जुमा गर्नु पर्ने छ।

जसमा लागि हालै विभागले राजस्व संकलनको बैकल्पिक कार्ययोजना तयार गरी कार्यान्वनयका लागि मातहत कार्यालयहरुमा पठाइसकेका छौं। त्यसैगरी आगामी आर्थिक वर्ष २०७६।७७ को वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्न राजस्व परामर्श समिति अन्तर्गत आन्तरिक राजस्व उपसमितिलाई दिइएको कार्यक्षेत्र र जिम्मेवारी बमोजिम आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क सम्बन्धी कानुनी, प्रशासनिक एवम् प्रणालीगत सुधारका विषयमा विभिन्न ५ कार्यदल निर्माण गरिएकोमा कर परिवारका सदस्यहरुबाट प्राप्त सुझाव समेत समावेश गरी आन्तरिक राजस्व उपसिमितको प्रतिवेदन पनि अर्थ मन्त्रालयमा पेश गरिसकेका छौं। अतः बैकल्पिक कार्ययोजना अनुसारको कार्य सम्पादन गरी राजस्व संकलनको लक्ष्य हासिल गर्ने कार्यमा लागिपर्न र हाल कायम भएको राजस्वको कमी (GAP) लाई पूरा गराउनेतर्फ आफ्ना हरेक गतिविधि केन्द्रित गर्न र अझ प्रयास गरी थप राजस्व संकलन गर्न कर परिवारका सबैमा आव्हान गर्न चाहन्छु।

कर प्रशासनको आधारशीला भनेका करदाता हुन्। त्यसैले कर प्रशासनले आफ्ना जनशक्तिको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि तथा विकसित अर्थतन्त्रका सफल र अनुकरणीय अनुभव हासिल गरी गुणस्तरीय सेवाको माध्यबाट राजस्व परिचालनमा गर्ने कार्यमा जोड दिनु पर्ने आवश्यकता रहेको छ। नेपाल Belt and Road Initiative Tax Administration Cooperation Mechanism (BRITACOM) को संस्थापक सदस्य भएको छ। यो संस्थाको स्थापना र नेपालको आबद्धताबाट Growth Friendly Tax Environment को विकास गर्ने, कर सम्बन्धी अनुभव आदान प्रदान गर्ने र कर प्रशासनको क्षमता विकास गर्ने सम्बन्धमा हामीले लाभ प्राप्त गर्ने मैले विश्वास लिएको छु।

कर प्रशासनमा करदाताहरुको सहज पहुँच स्थापित गर्न तथा बढ्दो आर्थिक गतिविधिलाई करको दायरामा ल्याइ कर चुहावटका संभावनाहरुलाई न्यूनिकरण गर्ने अभिप्रायले विभाग तथा मातहत कार्यालयहरुको संगठन संरचनामा थप सुधार गर्न संगठन तथा व्यवस्थापन प्रस्ताव समेत गरिएको छ। त्यसैगरी चैत्र महिनाबाट लेखा व्यवसायिक भई लेखापालन, लेखा परीक्षणमा गुणस्तरीयता एवं पारदर्शीता बढाउने र व्यावसायिक र पेशागत मर्यादा भित्र रही करदाताहरुको यथार्थ कारोबारको विवरण प्रस्तुत भै यथार्थ करारोपणमा सघाउ पुऱ्याउने अभिप्रायले देशका सातवटै प्रदेशमा कर लेखा परीक्षणमा संलग्न लेखा परीक्षकहरुलाई अभिमुखिकरण गर्ने कार्य निरन्तर रुपमा सञ्चालन भई रहेको छ।

अतः यिनै सुधारका चरणहरुमा रहेर आगामी दिनमा करदाताहरुलाई पेशागत मर्यादा र ईमान्दारिताको प्रदर्शन गरी व्यवसाय संचालन गर्न, लेखा परीक्षकहरुलाई गम्भिरताका साथ पेशागत मूल्य मान्यता एवं आचार संहिताका व्यवस्थाहरुको पालना गरेर सत्य तथ्यको आधारमा लेखापरीक्षणको कार्य सम्पन्न गर्न र कर परिवारका सदस्यहरुलाई आफनो कार्यमा व्यावसायिकता (Professionalism) को प्रवर्धन गर्दै करदातामैत्री व्यवहारबाट सार्वजनिक वित्तीय स्रोतको बढ्दो आवश्यकता अनुसार राजस्व संकलनको प्रगति हासिल गर्नका लागि उच्च मनोबल तथा आत्मविश्वासका साथ कार्यसम्पादन गर्नु हुन आग्रह गर्दछु।

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७६, बैशाख**

# पूर्व बजेट....





मा. अर्थमन्त्रीज्यूले विभाग परिसरमा स्थापना गरिएको प्रतिकात्मक मूर्ति अनावरण गर्नुहुँदै

करदातामैत्री कर प्रणालीका माध्यमबाट आन्तरिक राजस्व वृद्धि गर्दै लैजानुपर्ने आवश्यकता औल्याउनुभयो । ईमान्दारिता र प्रभावकारिता राजस्व प्रशासनका पूर्व शर्त भएको कुरामा जोड दिंदै माननीय मन्त्रीले न्यायको सिद्धान्तमा रहेर जुनसुकै करयोग्य आयमा कर लिने कुरामा कर प्रशासन सदैव क्रियाशील हुनुपर्ने बताउनुभयो । देशमा व्यवसायिक केन्द्रको विस्तार सँगै विद्यमान कर कार्यालयबाट मात्र सेवा दिन असमर्थ हुने भएकाले आगामी दिनमा कार्यालय थप विस्तार गरिने बताउदै कर सहभागिता लागत घटाउँदै दायरा बढाएर थप राजस्व उठाउने तर्फ जोड दिन करप्रशासनलाई आग्रह समेत गर्नुभयो । उहाले उचित अभिलेख विना गरिने कारोबार निरुत्साहित गर्दै कारोबार मूल्य र बजार मूल्य बीच तादात्म्यता कायम गर्नका लागि सूचना प्रविधिमैत्री राजस्व प्रणालीको विकास गर्न विशेष रणनीतिका साथ अघि बढ्नु पर्ने कुरामा समेत जोड दिनुभयो ।

कार्यक्रममा बोल्दै अर्थ सचिव राजन खनालले मुलुकमा करिब ७ प्रतिशतको वृद्धिदर रहेको हालको अवस्थामा आर्थिक गतिविधि बढीरहेकोले करको आधार पनि फराकिलो हुँदै गएको विषय उजागर गर्नुभयो । हाल भएको आयातमुखी राजस्व संरचनामा परिवर्तन गरी उत्पादनमुखी बनाउनका लागि नयाँ क्षेत्र तथा करका थप सम्भावना खोज्ने जिम्मेवारी कर प्रशासनको रहेको बताउदै त्यसका लागि राजस्व प्रणालीको सुदृढीकरण गरी उत्पादनमुलक उद्योगका लागि सहजीकरण गर्नुपर्ने आवश्यकता रहेको समेत औल्याउनुभयो ।

यसैगरी सचिव (राजस्व) लाल शंकर घिमिरेले यस वर्षको उपलब्धीको समीक्षाका आधारमा आगामी वर्षका लागि योजना बन्ने भएकाले कर प्रणालीको आधुनिकीकरणका लागि नीतिगत तथा संरचनागत समस्या भएमा तिनको समाधान गर्दै लगिने बताउनुभयो । Taxpayer Compliance, Flawless एवं Effective Billing System का लागि करका दरहरु पुनरावलोकन गर्दै व्यापार सहुलियतमा बढी जोड दिन हरसम्भव प्रयास गरिनु पर्ने बताउनुभयो । कर प्रशासन Perfect र करदाताका लागि सहज बनाईनुपर्ने बताउदै एकपटक करको दायरामा आईसकेका करदाताहरु करको दायराभन्दा टाढा हुने अवस्था आउन नदिने वातावरण बनाउनु पर्ने कुरामा समेत जोड दिनुभयो ।

मन्तव्यका साथ कार्यक्रम बारे प्रकाश पार्दै विभागमा महानिर्देशक विष्णुप्रसाद नेपालले निरन्तर सुधारमार्फत कर प्रशासनलाई दक्ष र प्रविधिमैत्री बनाउने सोच र उद्देश्य विभागको रहेको बताउनुभयो । साथै चालु आर्थिक वर्षको कार्यगत लक्ष्यहरुमा गरेका कार्य प्रगतिहरुको समीक्षा गर्दै आगामी दुई महिनामा सम्पादन गर्नुपर्ने कार्यहरुको ठोस कार्ययोजना गर्न र चालु वर्षको कार्य अनुभवको आधारमा आगामी आर्थिक वर्ष २०७६।७७ को वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने नीतिगत, कानुनी र प्रणालीगत सुधारका कार्यसूची सहित राय सुझाव प्रस्तुत गर्नका लागि कार्यक्रमको आयोजना गरिएको बताउनुभयो ।

चालु आर्थिक बर्षको हालसम्म प्राप्त उपलब्धीको समीक्षाबाट देखिएका कमी कमजोरीहरुमा सुधार गरी अगाडी बढने बैकल्पिक रणनीतिको तय गर्न साथै, आगामी आर्थिक वर्ष २०७६।७७ को राजस्व नीति तथा कार्यक्रम एवं सम्वद्ध कर कानूनमा समावेश गर्ने विषय, कर प्रणालीका पद्धति एवं प्रकृया र सूचना प्रविधि सम्वन्धमा गर्नुपर्ने सुधारका लागि सुझाव प्रस्तुत गर्न उक्त कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा माननीय अर्थमन्त्री, अर्थ सचिव, सचिव (राजस्व), विभागीय प्रमुखहरु लगायत कर परिवारका कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा पहिलो दिन कर प्रणालीसँग सम्बन्धित विषयमा सुझाव प्रस्तुत गर्नका लागि आयकर, मू.अ.कर, अन्तशुल्क, सूचना प्रविधि तथा सेवा प्रवाह र प्रशासनिक तथा संगठनात्मक गरी पाँच वटा विषयगत छलफल समूह निर्माण गरी समूहमा प्राप्त भएका सुझावहरु समावेश गरिएको प्रतिवेदन कार्यदलका संयोजकहरुबाट प्रस्तुति गरिएको थियो ।

त्यसैगरी दोस्रो दिन चालू आर्थिक वर्षको नौ महिना (चैत्र) सम्मको कार्यसम्पादन प्रगतिको प्रस्तुति र अघिल्लो दिनको छलफल पश्चात पाँचवटै समूहहरुको प्रतिवेदनबाट प्राप्त सुझावहरु समावेश गरी आन्तरिक राजस्व उप समितिको प्रस्तुतीकरण समेत गरिएको थियो ।

यसैबीच माननीय अर्थमन्त्रीले विभाग परिसरमा स्थापना गरिएको प्रतिकात्मक मूर्तिको अनावरण समेत गर्नुभएको थियो ।

# BRITACOM को स्थापना र संस्थापक सदस्यको रुपमा नेपालको आवद्धता




जनवादी गणतन्त्र चीनका महामहिम राष्ट्रपति सि जिडपिडले छिमेकी तथा अन्य मित्रराष्ट्रहरुसँग आर्थिक विकास, पूर्वाधार निर्माण, अन्तरसञ्जाल निर्माण लगायतका विषयमा सहकार्यको लागि प्रस्ताव गर्नु भएको Belt and Road Initiative (BRI) मा आवद्ध राष्ट्रहरुका कर प्रशासनहरु बीच आपसी सहयोग आदान प्रदान गर्ने, क्षमता विकास तथा कर सम्बन्धी सूचना आदान प्रदानको माध्यमवाट यस क्षेत्रमा हुने कर छली लगायतका योजनाहरुलाई विफल बनाउने उद्देश्यले चीनको झेजियाङ प्रान्तको युझेनमा १८ देखि २० अप्रिल २०१९ मा सम्पन्न प्रथम Belt and Road Initiative Tax Administration Cooperation Forum (BRITACOF) सम्मेलनमा नेपाल, चीन, बंगलादेश, कजाकस्तान लगायत ३४ देशका कर प्रशासनका सक्षम अधिकारीहरु (Competent Authority) को सहभागिता रहेको Council Meeting ले BRITACOM को Memorandum of Understanding (MOU) मा हस्ताक्षर गरी विधिवत रुपमा Belt and Road Initiative Tax Administration Cooperation Mechanism (BRITACOM) नामक संस्था १८ अप्रिल २०१९ मा स्थापना गर्‍यो । नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।१२।२१ को निर्णय अनुसार नेपाल BRITACOM मा संस्थापक सदस्यको रुपमा आवद्ध हुने सम्बन्धी Memorandum of Understanding (MOU) मा हस्ताक्षर गर्न आन्तरिक राजस्व विभागका महानिर्देशकलाई अख्तियारी प्रदान भए अनुसार विभागका महानिर्देशक विष्णुप्रसाद नेपालको नेतृत्वमा अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखाका उप सचिव चण्डीप्रसाद घिमिरे र आन्तरिक राजस्व विभागका निर्देशक विमल सापकोटा सम्मिलित प्रतिनिधि मण्डलले सम्मेलनमा भाग लिई महानिर्देशक नेपालले संस्थापक सदस्यको रुपमा सम्झौतापत्र (MOU) मा हस्ताक्षर गर्नु भएको थियो ।

सम्मेलनले आवद्ध राष्ट्रहरुका कर प्रशासनहरु बीच आपसी सहयोग आदान प्रदान गर्ने, क्षमता विकास तथा कर सम्बन्धी सूचना आदान प्रदानको माध्यमवाट यस क्षेत्रमा हुने कर छली लगायतका योजनाहरुलाई विफल बनाउने विषयमा सहभागीहरु बीच छलफल गरेको थियो । आगामी दिनको कार्यदिशा सहित ३३ बुँदे युझेन घोषणापत्र र २० बुँदे युझेन कार्ययोजना (२०१९/२०२१) जारी गर्दै २० अप्रिल २०१९ मा सम्मेलन सम्पन्न भएको थियो ।

# खुद्रा व्यापार संघद्वारा अन्तरक्रिया कार्यक्रम

नेपाल खुद्रा व्यापार संघको आयोजनामा २०७६/०७७ को राजस्व नीति तथा कार्यक्रम एवं कर कानूनको परिमार्जनका लागि सुझाव सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । २०७६ बैशाख १३ गतेका दिन सम्पन्न कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष राजेन्द्र मल्ल लगायत खुद्रा व्यापार संघका पदाधिकारी र संघमा आबद्ध व्यवसायीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्दै महानिर्देशकले नेपालको कर स्वयं कर प्रणालीमा आधारित भएको र सोको मर्म बमोजिम व्यवसायीले यथार्थ कारोबारको घोषणा गरी असल नागरिकको दायित्व निर्वाह गर्नुपर्ने बताउनु भयो । साथै नेपाल खुद्रा व्यापार संघद्वारा बुझाईएको ज्ञापन पत्रलाई राजस्व परामर्श समितिको बैठकमा छलफलका लागि पेश गर्ने र उपयुक्त विषयहरुलाई आगामी आर्थिक ऐनमा समेट्न आफ्नो क्षेत्रबाट पहल गर्ने जानकारी समेत गराउनु भयो । चेम्बर अफ कमर्सका उपाध्यक्ष राजेन्द्र मल्लले साना व्यवसायीका कर सम्बन्धी व्यवहारिक समस्या समाधान हुने एवं कर सहभागिता बढ्ने धारणा राख्नु भयो ।




कार्यक्रममा खुद्रा व्यापार संघका अध्यक्षले आगामी आर्थिक ऐनमार्फत पूर्वानुमानित कर (डे-१) विवरणमा रहेको हालको कारोबारको सीमा बढाउनुपर्ने र कारोबारमा आधारित कर (डे-२) सम्बन्धी व्यवस्था हटाउनुपर्ने लगायतका माग सहितको ज्ञापनपत्र आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष पेश गरेका थिए ।

# राजस्व संकलनमा ...

भई लक्ष्यको तुलनामा ८६.२१ प्रतिशत संकलन भएको छ ।

आ.व. २०७५/७६ को वैशाख र बैशाख महिना सम्मको राजस्व लक्ष्य तथा प्रगतिको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

रु. हजारमा

| शीर्षक | गत आ.व. बैशाख महिनाको प्रगति | २०७५/७६ को बैशाखको | | | | गत आ.ब. को बैशाख महिन( ासम्मको प्रगति | २०७५/७६ को बैशाखसम्मको | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा | गत आ.ब.को तुलनामा वृद्धिदर | | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | गत आ.ब.को तुलनामा वृद्धि दर |
| आयकर | ४५४१९६८ | ६९०४७३७ | ६१०८९०८ | ८८.४७ | ३४.५ | १०१४९१७९२ | १५३९४२२०५ | १२५७२५३४३ | ८१.६७ | २३.८८ |
| वहालकर | २१७८२७ | | १८७२३६ | ० | ० | ३५५०६०९ | | २५१७३४५ | ० | ० |
| व्याजकर | २८३२६४२ | ३३३२५६९ | ३३६१४३५ | १००.८७ | १८.६७ | १३४३४२८० | १६०३९८६२ | १७३२०९१४ | १०७.९९ | २८.९३ |
| आयकर जम्मा | ७५९२४३७ | १०२३७३०६ | ९६५७५७९ | ९४.३४ | २७.२ | ११८४७६६८१ | १६९९८२०६७ | १४५५६३६०२ | ८५.६३ | २२.८६ |
| मूल्य अभिवृद्धि कर | ७१६०९८५ | ९६२२१३३ | ७४५५९६९ | ७७.४९ | ४.१२ | ५९९२७८०८ | ८०८०८७६८ | ६५८८७२७० | ८१.५३ | ९.९४ |
| अन्तःशुल्क | ६९१८८७० | ८९३०११५ | ९१५३६३८ | १०२.५ | ३२.३ | ४६७७२०६७ | ६०३२६०४६ | ५९४०७४५४ | ९८.४८ | २७.०१ |
| स्वास्थ्य सेवा शुल्क | ५०८८१ | | २४९०५९ | ० | ० | १०२६९२१ | | २०२६८३४ | ० | ९७.३७ |
| शिक्षा सेवा शुल्क | ५४१६४ | ८८११५ | ७५९६४ | ८६.२१ | ४०.२५ | ७७२७१७ | ७०७२४१ | ९४७१२८ | १३३.९२ | २२.५७ |
| जम्मा | २१७७७३३८ | २८८७७६६९ | २६५९२२०९ | ९२.०९ | २२.११ | २२६९७६१९५ | ३११८२४१२२ | २७३८३२२८९ | ८७.८२ | २०.६४ |

# उप महानिर्देशकहरुको नेतृत्वमा कार्यालयको अनुगमन

आन्तरिक राजस्व बिभागका उप महानिर्देशक यज्ञप्रसाद ढुङ्गेलको नेतृत्वमा बिभागका निर्देशकहरु कृष्णप्रसाद पराजुली, महाराज कोईराला, खिम बहादुर कार्की समेतको टोलिबाट मिति २०७६।०१।०३ देखि ७ गतेसम्म आन्तरिक राजस्व कार्यालयहरु भद्रपुर, दमक, धरान, बिराटनगर र ती कार्यालयहरु मातहतका करदाता सेवा कार्यालयहरुको कार्य सम्पादनको अनुगमन गर्नु भयो ।

यसैगरी विभागका उपमहानिर्देशक झलकराम अधिकारीको नेतृत्वमा निर्देशकहरु महाराज कोईराला, दुर्गादत्त भण्डारी, खिम बहादुर कार्कीद्वारा मिति २०७६।०१।१४ देखि १७ गतेसम्म आन्तरिक राजस्व कार्यालयहरु जनकपुर र लाहान तथा ती कार्यालय अन्तर्गतका करदाता सेवा कार्यालयहरुको कार्य सम्पादनको अनुगमन गर्नु भयो ।

अनुगमन पश्चात कार्यालयहरुको कार्यसम्पादनमा देखिएका काम कारवाहीमा गर्नुपर्ने सुधारका लागि उपमहानिर्देशकज्यूहरुले निर्देशन दिनु हुंदै सबै कार्यालयहरुलाई समग्र कार्य सम्पादन र सेवा प्रवाहमा चुस्तता ल्याउनका लागि बढी भन्दा बढी ध्यान केन्द्रित गर्न र आफूलाई तोकिएको राजस्व संकलन लगायत अन्य कार्यात्मक लक्ष्य प्राप्तिका लागि आगामी दिनमा रणनीतिक ढंगले लाग्न आग्रह समेत गर्नुभयो ।

# पोखरामा लेखा परीक्षणमान सम्बन्धी अभिमुखिकरण कार्यक्रम




आन्तरिक राजस्व विभाग र लेखा परीक्षणमान बोर्डको संयुक्त आयोजनामा होटल पोखरामा मिति २०७६ बैशाख ३० र ३१ गते गरी दुई दिने Nepal Standards on Auditing 2018 (NSA) विषयक अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो । लेखा परीक्षक एवं आन्तरिक राजस्व कार्यालयका कर्मचारी समेत गरी करिब ७० जनाको सहभागितामा भएको उक्त कार्यक्रममा बोल्दै आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले वर्तमान परिप्रेक्षमा राजस्व छली गर्ने प्रवृति बढेकोले चार्टर्ड एकाउन्टेन्ट्स तथा लेखा परीक्षक सबैले निकै गम्भिरताका साथ लेखा परीक्षणमानका व्यवस्थाहरुको पालना गरेर सत्य तथ्यलाई आधार मानेर लेखा परीक्षणको कार्य गर्नुपर्ने बताउनुभयो ।

सो कार्यक्रममा स्रोत व्यक्तिको रुपमा नेपाल लेखा परीक्षणमान बोर्डका अध्यक्ष अनुप कुमार श्रेष्ठ, सि.ए. लब कुमार खत्री तथा आन्तरिक राजस्व कार्यालय, पोखराका प्रमुख कर अधिकृत केशव कुमार उप्रेतीले सहजीकरण गर्नु भएको थियो । उक्त कार्यक्रममा NSA 2018 तथा NSA 2012 को फरक, NSA 200, NSA 300-499, NSA 700 लगायतमा भएका व्यवस्था, Key Audit Matters (KAM), International Standards in Quality Control र कर तथा कर परीक्षण सम्बन्धी विषयमा जानकारी प्रदान गरिएको थियो ।

# लेखा परीक्षणमान सम्वन्धमा अभिमुखिकरण कार्यक्रम, जनकपुर



आन्तरिक राजस्व विभाग र लेखा परीक्षणमान बोर्डको संयुक्त आयोजनामा हालै अद्यावधिक गरिएको Nepal Standards on Auditing 2018 लगायत Nepal Financial Reporting Standards (NFRS) / NFRS For SMEs बारे जानकारी दिने र नेपालको कर कानून र कर परीक्षणमा लेखा परीक्षकहरुको भूमिका सम्बन्धमा जानकारी गराई सहभागीहरुलाई लेखा राख्ने, लेखाको प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने कार्यलाई अझ प्रभावकारी वनाउने उद्देश्यले Nepal Standards on Auditing 2018 विषयक दुई दिने अभिमुखीकरण कार्यक्रम मिति २०७६ बैशाख १३ र १४ मा सम्पन्न भएको छ।

कार्यक्रममा बोल्दै आन्तरिक राजस्व विभागका उपमहानिर्देशक झलकराम अधिकारीले सहभागी तथा सरोकारवालाहरुलाई तालिमका दौरानमा सिकेका ज्ञान सीपलाई कार्यक्षेत्रमा लागू गर्दै Nepal Standards on Auditing 2018 मा रहेका मानहरुको प्रभावकारी कार्यान्वयन गर्न आग्रह गर्नुभयो। आन्तरिक राजस्व कार्यालय, जनकपुरका प्रमुख कर अधिकृत जय बहादुर भण्डारीले कार्यक्रमको महत्वका सम्बन्धमा प्रकाश पार्नु भएको थियो भने लेखा परीक्षणमान बोर्डका अध्यक्ष अनुप कुमार श्रेष्ठले कार्यक्रमको औचित्य बारे स्पष्ट पार्नु भएको थियो।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरु, पेशागत लेखा व्यवसायीहरु र आन्तरिक राजस्व कार्यालय, जनकपुरका कर्मचारीहरुको सहभागिता रहेको उक्त कार्यक्रममा विभिन्न श्रोत व्यक्तिहरुले आफ्नो प्रस्तुतीकरण मार्फत सहभागीहरुलाई जानकारी तथा प्रशिक्षण प्रदान गर्नु भएको थियो।

## मोबाइलको रिचार्ज कार्ड विक्री सम्बन्धी सूचना

मोबाइलको रिचार्ज कार्डको कारोवार गर्नेले अनिवार्य रुपमा स्थायी लेखा नम्वर लिएर कारोवार गर्नुपर्ने र कर लाग्ने वस्तुको हकमा वार्षिक पचास लाख भन्दा बढीको र सेवाको हकमा वार्षिक वीस लाख भन्दा बढीको कारोवार गर्नेले मूल्य अभिवृद्धि कर समेतमा दर्ता भएर कारोवार गर्नुपर्ने कानूनी व्यवस्था भएको अवस्थामा आफू अन्तर्गतका डिलर/सवडिलरले रिचार्ज कार्ड विक्री गर्दा स्थायी लेखा नम्वर भएका करदातालाई अन्तिम उपभोक्ता मूल्य (MRP) उल्लेख गरी मू.अ.कर ऐन, २०५२ को दफा (१२) को उपदफा (३) बमोजिम दिने डिस्काउण्ट घटाएर मू.अ.कर ऐन, २०५२ को दफा ५ को उपदफा (२) वमोजिम कायम हुने कर लाग्ने मूल्यमा मू.अ.कर बीजक जारी गरी गर्न र डिलर/सवडिलरले स्थायी लेखा नम्वर नभएका खरिदकर्तालाई विक्री गरेको अवस्थामा भने कर विजक जारी गर्दा तोकिएको उपभोक्ता मूल्य कायम हुने गरी गर्न मू.अ.कर ऐन, २०५२ को दफा १४ को उपदफा (६) बमोजिम तोकिएको छ ।साथै आफू अन्तर्गतका डिलर/सवडिलरसँग सम्झौता गर्दा वा कारोवार गर्दा सोही अनुसार गर्ने/गराउने र यस्तो कर बीजकमा दिएको छुट रकममा अग्रिम कर कट्टी गर्नु नपर्ने व्यहोरा जानकारीको लागि मिति २०७५।११।१४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

# करदाता सेवा कार्यालय दिक्तेलको उद्घाटन

माननीय प्रतिनिधि सभा सदस्य विशाल भट्टराईद्वारा मिति २०७६ वैशाख २३ गतेका दिन करदाता सेवा कार्यालय दिक्तेल, खोटाङको उद्घाटन सम्पन्न भयो । कार्यक्रममा आन्तरिक राजस्व विभागको उपमहानिर्देशक झलकराम अधिकारी तथा जिल्ला स्थित करदाताहरु, सरकारी, निजी, सहकारी तथा अन्य सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

सो अवसरमा बोल्नुहुँदै माननीय प्रतिनिधि सभा सदस्यले करदाता सेवा कार्यालय दिक्तेलमा स्थापना र उद्घाटन भएकोमा सरोकारवाला सबै निकाय तथा व्यक्तिहरुलाई शुभकामना तथा बधाई दिदै जिल्लामा कार्यालय स्थापना गर्न सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । करबाट कोही पनि नडराई करको दायरामा आउन र कर सहभागिता जनाउन आग्रह गर्नुभयो ।

कार्यक्रमको अध्यक्षता गर्नु भएका विभागका उप महानिर्देशक झलकराम अधिकारीले कार्यालय स्थापना तथा उद्घाटन भएकोमा सबैलाई बधाई एवं शुभकामना दिँदै कार्यक्रम सफलतापुर्वक सम्पन्न वनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद व्यक्त गर्नु भयो । वहाले कर प्रशासन नेपालको सार्वजनिक प्रशासन मध्ये कै उच्च प्रविधिमैत्री र करदातामैत्री रहेको वताउँदै करदाता सेवा कार्यालयले करदाताको सेवा र सहयोगीको काम गर्नुपर्नेमा जोड दिनुभयो । साथै सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी सेवा प्रवाह गर्नुका साथै करको जागरणका लागि करदाता शिक्षा कार्यक्रम




संचालन गर्न समेत निर्देशन दिनुभयो । कार्यक्रममा उद्योग वाणिज्य संघ खोटाङको अध्यक्ष उपिनकुमार राईले करदाता सेवा कार्यालय स्थापना भएकोमा खोटाङ उद्योग वाणिज्य संघ हर्षित भएको तथा करको दायरा विस्तार गर्न र कर सहभागिता वृद्धि गर्नका लागि समन्वय, सहयोग र सहकार्य गर्नु उद्योग वाणिज्य संघको कर्तव्य भएको भन्दै सहयोग, समन्वय र सहकार्य गर्न तत्पर रहेको बताउनु भयो । उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालय लहानका प्रमुख कर अधिकृत कमल बहादुर राजलवटले उपस्थित सबैलाई स्वागत गर्नुभयो भने करदाता सेवा कार्यालय दिक्तेलका कर अधिकृत गोपाल राईले कार्यक्रमको संचालन गर्नु भएको थियो ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

**रू. पैंतीस करोड भन्दा बढीको कारोवार गर्ने करदातालाई विद्युतीय माध्यमबाट विजक जारी गर्ने सम्बन्धी सूचना**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ (सं.स.) को दफा १४क को उपदफा (२) तथा आयकर ऐन, २०५८ (सं.स.) को दफा ८१ को उपदफा (४) मा रु. पैंतीस करोड भन्दा बढीको कारोवार हुने करदाताले अनिवार्य रुपमा विद्युतीय माध्यमबाट विजक जारी गर्न तथा सोको अभिलेख राख्ने गरी तोकिएकोले सो बमोजिम गर्नहुन जानकारी गराईएको छ ।

# विराटनगरमा लेखापरीक्षकहरुलाई वित्तीय विवरण तथा कर सम्बन्धी प्रशिक्षण




वित्तीय लेखा परीक्षणको कार्यलाई यथार्थपरक तथा प्रभावकारी बनाउन र लेखा परीक्षकहरुलाई लेखा पालन तथा करका परिवर्तित सन्दर्भहरु र व्यवहारिक पक्षका बारेमा जानकारी गराउने उद्देश्यले आन्तरिक राजस्व विभाग र लेखा परीक्षणमान बोर्डको संयुक्त आयोजनामा Nepal Standards on Auditing 2018 विषयक दुई दिने अभिमुखीकरण कार्यक्रम मिति २०७६ वैशाख ६ र ७ गते विराटनगरमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा आन्तरिक राजस्व विभागका उप महानिर्देशक यज्ञ प्रसाद ढुङ्गेलले कर कानूनको परिपालना गराउन समेत लेखा परीक्षकहरुको विशेष भूमिका हुने भएकोले नो विलिङ, अन्डर विलिङ तथा फेक विलिङमा यदाकदा लेखा परीक्षकको समेत नाम जोडिनु दुःखद भएको बताउनु हुँदै अभिमुखिकरणमा सिकेका कुराहरुलाई व्यवहार लागू गरी लेखापरीक्षण कार्यलाई पारदर्शी र यथार्थपरक बनाई वित्तीय विवरण तयार गर्ने कार्यमा व्यवसायीहरुलाई सचेत गराउँदै हरेक आर्थिक गतिविधिहरूको सत्य तथ्य उजागर गराउने कार्यमा सहयोगी भूमिका निर्वाह गर्न आग्रह गर्नु भयो । त्यसैगरी आन्तरिक राजस्व कार्यालय, विराटनगरका प्रमुख कर अधिकृत दिलिप कुमार गौतमले वित्तीय विवरण पारदर्शी बनाउन लेखा परीक्षकहरुको विशेष भूमिका हुने भएकाले करदाताहरूका कारोबारको परीक्षण गर्दा अत्यन्त जिम्मेवार तथा सचेत भइ सत्य तथ्यको उजागर गराउने कार्यमा सहयोगी बन्न आग्रह गर्नु भयो । कार्यक्रममा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सभापति जगन्नाथ उपाध्यायले लेखा परीक्षकहरुका आचरण, अनुशासन तथा कर्तव्यका बारेमा प्रकाश पार्नु भएको थियो । लेखा परीक्षणमान बोर्डका अध्यक्ष अनुप कुमार श्रेष्ठले कार्यक्रमको बारेमा प्रकाश पार्दै वित्तीय विवरणहरु प्रमाणित गर्दा विशेष सजग हुनु पर्ने वताउनुभयो । मोरङ्ग, सुनसरी तथा झापा जिल्लाका चार्टड एकाउण्टेण्ट्स र रजिष्टर्ड अडिटर गरी ७८ जना सहभागी रहेको सो कार्यक्रममा अनुप कुमार श्रेष्ठ, दिलिप कुमार गौतम तथा महेश खनालले प्रशिक्षण दिनु भएको थियो ।

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

## मदिराजन्य र सूर्तीजन्य वस्तुको बिक्री वितरण सम्वन्धी सूचना

अन्तःशुल्क ऐन, २०५८ वमोजिम होटल तथा रेष्टुरेन्ट व्यवसायी बाहेक मदिराको कारोवार गर्ने व्यवसायीले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोवार गर्न पाउने व्यहोरा सवैलाई विदितै छ । उक्त व्यवस्था एवं देहायका शर्तहरुको पूर्ण परिपालना गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. इजाजतपत्र लिएर मात्र सूतीर्जन्य र मदिराजन्य वस्तुको कारोवार गर्ने,
२. ऐनले तोकेको म्यादभित्र इजाजतपत्र नवीकरण गर्ने,
३. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्ने,
४. बिहान १० बजे देखि राति १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नुपर्ने,
५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न नपाइने,
६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको वीजक राख्नुपर्ने
७. अन्तःशुल्क स्टीकर टांस भएका मदिराजन्य तथा सूर्तीजन्य वस्तु मात्र बिक्री गर्नुपर्ने,

अन्तःशुल्क टिकट टाँस नभएको मदिराजन्य तथा सूर्तीजन्य वस्तु खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना गरिनुका साथै कसैले अन्तःशुल्क ऐन २०५८ को वर्खिलाप हुने गरी अन्य वस्तु संगै मदिराजन्य वस्तु बिक्री वितरण गरेमा पहिलो पटक रु १०,००० (दशहजार) र त्यसपछि प्रत्येक पटकको लागि रु २०,००० (विसहजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराइन्छ । अतः उक्त कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी सजायवाट वचौं । कसैले यस व्यवस्था विपरित व्यवसाय गरेको देखिएमा आन्तरिक राजस्व विभाग तथा नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा नियन्त्रक कार्यालयमा जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ ।

# आन्तरिक राजस्व कार्यालय, भद्रपुरबाट विभिन्न वस्तुगत संघहरूसँग अन्तरक्रिया कार्यक्रम

आन्तरिक राजस्व कार्यालय, भद्रपुरले करसँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न वस्तुगत संघ संस्थासँग छुट्टा छुट्टै करदाता शिक्षा कार्यक्रम गर्ने अभियान अन्तर्गत वैशाख महिनामा विभिन्न छुट्टा छुट्टै करदाता शिक्षा एवं छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ।

२०७६/०१/१५ गते नेपाल सुनचाँदी व्यवसायी संघ, झापासँगको समन्वयमा जिल्ला स्थित सुनचाँदीको कारोबार एवं व्यवसायमा आवद्ध करदाताहरुसंग, २०७६/०१/१९ गते होटल व्यवसायी संघ, झापासंगको संयुक्त आयोजनामा होटल व्यवसायीहरुसंग, २०७६/०१/२० गते अलैंची व्यवसायी महासंघ, झापा र उद्योग वाणिज्य संघ, विर्तामोडसँगको समन्वयमा अलैंची व्यवसायीहरुसँग, मिति २०७६/०१/२४ गते झापा जिल्ला स्थित लेखा परीक्षण व्यवसायमा संलग्न व्यक्ति र चार्टर्ड एकाउण्टेण्टहरुसँग छुट्टा छुट्टै छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा कार्यालयका प्रमुख कर अधिकृत बोलराज आचार्यले कार्यक्रमको औचित्यता सहित व्यक्तिहरुको जिज्ञासा प्रष्ट पार्नु भएको थियो। समग्र व्यवसायिक गतिविधिमा ह्रास नभएको सन्दर्भमा Right Accounting / Right Taxation हुन र व्यवसायीहरुलाई उपयुक्त सल्लाह दिन लेखा परीक्षकहरुलाई आग्रह गर्दै व्यवसायीहरुलाई सही लेखा राखि बास्तविक करको घोषणा गर्न सचेत गराउनु भएको थियो। साथै व्यवसायीहरुका बास्तविक समस्या




देखिएको क्षेत्रमा विभाग र मन्त्रालयका अधिकारी समक्ष सो विषय पुर्‍याउने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको थियो। कार्यक्रममा कर अधिकृत भीम प्रकाश देवकोटाले करदाता दर्तादेखि खारेजी सम्मका प्रक्रिया, करदाताका कर्तव्य तथा दायित्वहरु सम्बन्धमा प्रष्ट पार्नु भएको थियो।

# खोटाङको स्थानीय तहहरुमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम

करदाता सेवा कार्यालय दिक्तेलले जिल्लाका स्थानीय तह, उद्योग बाणिज्य संघ र जिल्ला प्रशासन कार्यालयसँगको समन्वय एवं सहकार्यमा खोटाङ जिल्लाको दक्षिणी क्षेत्रको प्रमुख व्यापारिक तथा व्यवसायिक केन्द्रको रुपमा रहेको खोटेहाङ गाउँपालिकाको खोटाङबजार र जन्तेढुङ्गा गाउँपालिकाको चिसापानी वजारमा मिति २०७६ वैशाख ३१ गते करदाता शिक्षा कार्यक्रम संचालन गरेको छ।

कार्यक्रममा गाउँपालिका स्थित व्यवसायी, उद्यमी तथा अन्य करदाताहरुको उपस्थिति रहेको थियो। कार्यक्रमलाई प्रमुख जिल्ला अधिकारी, गाँउपालिका अध्यक्ष तथा उद्योग वाणिज्य संघ खोटाङका उपाध्यक्षले सम्बोधन गर्नुभएको थियो। कार्यक्रमलाई कर अधिकृत गोपाल राई तथा नायब




सुब्बा मोतिराज थापाले सहजिकरण गर्नुभएको थियो। कार्यक्रमको अन्तमा सहभागीहरुले आजसम्म यस दुर्गम ठाँउका साना व्यापारी तथा व्यवसायीहरुले कर सम्बन्धमा सामान्य जानकारी समेत नभएको अवस्थामा यस कार्यक्रमबाट केही हदसम्म लाभान्वित भएको भन्दै करको दायरामा आउन तथा कर परिपालना गर्न उत्सुक रहेको बताउँदै आगामी दिनमा पनि अझ बढी यस्ता कार्यक्रम संचालन गर्न आग्रह समेत गर्नु भएको थियो।

# करदाता सेवा कार्यालय, धनकुटाद्वारा करदाता शिक्षा संचालन

करदाता सेवा कार्यालय धनकुटा र उद्योग बाणिज्य संघको सहआयोजना तथा छथर जोरपाटी गाउँपालिका वडा नं. ६ को समन्वयमा धनकुटाको उत्तरी भेग स्थित सिधुवा बजारमा मिति २०७६/०१/२४ गते करदाता शिक्षा कार्यक्रम सम्पन्न भयो। स्थानीय करदाता तथा व्यवसायीहरुको उल्लेख्य मात्रामा सहभागिता रहेको उक्त कार्यक्रममा वाणिज्य संघ धनकुटाका सदस्य सन्तोष कुमार श्रेष्ठ, छथर जोरपाटी गाउँपालिका वडा नं. ६ का सदस्य शेखर विष्ट लगायत अन्य संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।




यसै क्रममा मिति २०७६ साल वैशाख २७ गते शुक्रबार छथर जोरपाटी गाउँपालिकाको सभाहलमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम समेत सञ्चालन गरिएको थियो। स्थानीय प्रतिनिधीहरु, व्यवसायी, शिक्षक, राजनीतिक व्यक्तित्वहरु लगायत सर्वसाधारणहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा कर सम्बन्धी विविध प्रक्रियाहरुको जानकारी प्रदान गरिनुका साथै छलफलका क्रममा उठेका जिज्ञासाहरुको सम्बोधन गरिएको थियो । उक्त दुवै कार्यक्रममा कार्यालयका कर अधिकृत रमेश ढकाल लगायत अन्य कर्मचारीले कर सम्बन्धी उठान गरिएका प्रश्नहरुको सहजीकरण गर्नुभएको थियो।

# करदाता सेवा कार्यालय पाल्पाद्वारा करदाता शिक्षा संचालन



करदाता सेवा कार्यालय पाल्पाको आयोजना र त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाको सहकार्यमा मिति २०७६।०१।२७ गते क्याम्पसको सभाहलमा कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कर सम्बन्धी सचेतना तथा जागरण फैलाउने कार्यमा विद्यार्थीको भूमिकालाई बढाउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा BBA / MBA अन्तर्गतका ८० जना विद्यार्थी तथा प्राध्यापकहरुको सहभागिता रहेको थियो। सो कार्यक्रममा करदाता सेवा कार्यालयका कर अधिकृत सागर पोखरेलले कर सम्बन्धी कार्यपत्र प्रस्तुति गर्दै नेपालको विद्यमान कर प्रणाली, आर्थिक ऐन, २०७५ ले गरेका व्यवस्था, व्यवसाय दर्ता प्रकृया, कर र आय विवरण बुझाउने समय, आयकर, मू.अ.कर, अन्तशुल्क तथा e-TDS सम्बन्धी विविध विषयमा जानकारी प्रदान गर्नुभएको थियो। साथै सहभागीहरुले राखेका जिज्ञासा तथा समस्याहरुको सम्बोधन समेत गर्नु भएको थियो। साथै कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका करदाताको कारोबारको स्थलगत अनुगमन गरी करको दायरामा नआएका व्यवसायीहरुलाई व्यवसाय दर्ता लागि पत्रादेश जारी गर्नुका साथै दर्ता प्रमाणपत्र तथा करपाटी कारोबार स्थलमा राख्नुपर्ने, बिलबिजक अनिवार्य जारी गर्नुपर्ने, खाता अद्यावधिक हुनुपर्ने, विवरण समयमै पेश गर्नु पर्ने आदि विषयमा करदाताहरुलाई सुचित गरेको छ।

# करदाता सेवा कार्यालय गाईघाटद्वारा करदाता शिक्षा संचालन




करदाता शिक्षा मार्फत कराधार विस्तार गरी कर सहभागिता वृद्धि गर्ने कार्यालयको योजना बमोजिम करदाता सेवा कार्यालय, गाईघाटले कर सम्बन्धी विविध पक्षको प्रचार प्रसार तथा अन्तरक्रियात्मक कार्यक्रम तथा अनुगमन कार्यलाई तिव्र बनाएको छ। सोही क्रममा नयाँ विस्तार भएका वजार क्षेत्रलाई प्राथमिकतामा राखि सदरमुकामभन्दा टाढाका बजार तथा हालसम्म पनि कर सम्बन्धी शिक्षा प्रदान नगरिएका क्षेत्रलाई समेत विशेष ध्यानमा दिंदै करदाता शिक्षा कार्यक्रम संचालन गरेको हो ।

मिति २०७६।०१।१४ गते रौतामाई गाउँपालिकाको रौता बजारमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन भएको छ । उक्त कार्यक्रममा सल्ले, चिसापानी र रौता बजार क्षेत्रका ६० भन्दा बढी व्यवसायीहरुको सहभागिता रहेको थियो । त्यसैगरी, मिति २०७६।०१।२३ गते उदयपुर सुन चाँदी व्यवसायी संघबाट माग भइ आए बमोजिम कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन भएको छ । सो कार्यक्रममा ६० भन्दा बढी व्यवसायीहरुलाई कारोवार, विवरण दाखिला लगायत विविध विषयमा प्रशिक्षण प्रदान गरिएको छ । त्यस्तै त्रियुगा नगरपालिका १४ साउनेमा मिति २०७६।०१।२८ गते कर शिक्षा सम्बन्धी कार्यक्रम संचालन गरी करदातालाई कर शिक्षा सम्बन्धी विविध विषयमा जानकारी प्रदान गरिएको छ । कार्यक्रममा ४० भन्दा बढी व्यवसायीहरुको उत्साहजनक सहभागिता रहेको थियो । सो क्षेत्रमा यस्तो कार्यक्रम पहिलो पटक आयोजना गरी कर सम्बन्धी विविध विषयमा जानकारी प्राप्त भएको भन्दै व्यवसायीहरुले खुसी व्यक्त गरेका छन् ।

कर शिक्षा सम्बन्धी विविध कार्यक्रम संचालन गर्नाले करदाता र व्यवसायीहरु विचको दुरीलाई घटाउँदै करदाता र कर प्रशासन विचको सुमधुर सम्बन्ध स्थापना गरी करदाता मैत्री कर प्रशासनको विकास मार्फत कर डरले हैन रहरले तिर्नुपर्दछ भन्ने मान्यताको विकास हुने विश्वास कार्यालयले लिएको छ । साथै आगामी दिनमा समेत यस्ता कार्यक्रम संचालन गर्दै लैजाने र सदरमुकाम भन्दा विकट टाढाका बजार उन्मुख क्षेत्रमा कर शिविर संचालन गरी उनीहरुलाई दर्ता, नविकरण जस्ता सेवा त्यहीं स्थानमा प्रदान गरी उनीहरुलाई करको दायरामा ल्याउने कार्यलयको योजना रहेको छ ।


नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौंको

**मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरुले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राइस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना ।**

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेन्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राइस र सेल्फप्राइस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# आन्तरिक राजस्व कार्यालय दमौली



**१. कार्यालयको स्थापना, कार्यक्षेत्र तथा भौतिक अवस्था**

**१.१ कार्यालयको स्थापना:**

करदातालाई सहज र सरल तरिकाले सेवा प्रदान गर्ने उद्देश्यका साथ मिति २०६९।०१।१० मा आन्तरिक राजस्व कार्यालय, पोखराको मातहतमा तनहुँ जिल्ला कार्यक्षेत्र रहने गरी करदाता सेवा कार्यालय, दमौलीको स्थापना भएकोमा राजस्व परिचालनलाई थप प्रभावकारी बनाउन तथा राजस्व जोखिमका क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रहरु उपर प्रभावकारी नियमन गर्न राजस्व कार्यालयहरुको कार्यक्षेत्र हेरफेर गर्ने गरी नेपाल सरकारको मिति २०७५।०४।१८ को निर्णयानुसार आन्तरिक राजस्व कार्यालयमा रुपान्तरण भई आन्तरिक राजस्व कार्यालय दमौलीको स्थापना भएको हो ।

**१.२ कार्यालयको कार्य क्षेत्र:**

साविक गण्डकी अञ्चलका तनहुं, लमजुङ्ग गोरखा र मनाङ्ग गरी चार जिल्ला यस कार्यालयको कार्यक्षेत्र रहेको छ । तनहूँ जिल्ला स्थित करदातालाई अन्तःशुल्क प्रशासन सम्बन्धी सेवा समेत यस कार्यालयबाटै प्रदान गरिदै आएको छ भने अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अन्तःशुल्क सम्वन्धी प्रशासन गरिदै आएको छ ।

**१.३ कार्यालयको भौतिक अवस्था र दरबन्दी तथा पदपूर्ति :**

तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नं. ३ मा रहेको साविक डिभिजन सहकारी कार्यालयको प्रयोगमा रहेको भवन जिल्ला समन्वय समितिबाट मिति २०७५/०४/११ मा कार्यालयको लागि उपलब्ध गराईएकोमा सोको विन्यास (Layout) पुनःसंरचना गरी हाल करदातालाई सहज हुने किसिमले सेवा प्रवाह हुदै आएको छ ।

यस कार्यालयको स्वीकृत संगठनात्मक संरचना अनुसार प्रमुख कर अधिकृत (रा.प.द्वितीय श्रेणी) -१, कर अधिकृत (रा.प.तृतीय श्रेणी)-४, कम्प्युटर अधिकृत (रा.प.तृतीय श्रेणी)-१, नायव सुब्बा (रा.प.अन.प्रथम श्रेणी)-९ लगायत कुल २१ जना कर्मचारीको दरबन्दी रहेकोमा हाल १८ जना कर्मचारीहरु यस कार्यालयमा कार्यरत रहेका छन्

**२. करदाता सम्वन्धी विवरण**

यस कार्यालयमा २०७६ बैशाखसम्ममा DIPLOMATIC MISSION अर्न्तगत १ र सरकारी संगठन ८ गरी अन्य दर्ता भएका करदाताहरुको विवरण निम्नानुसार

रहेको छ :

| सि.न. | दर्ताको प्रकार | करदाता संख्या |
|---|---|---|
| १. | Income Tax | २५२६३ |
| २. | Personal Pan | ५४८४ |
| ३. | VAT | २७९७ |
| ४. | Excise | २१४० |
| ५. | W-PAN | ८ |
| ६. | Temporary vat | ११ |
| ७. | Education servie fee | १४३ |
| ८. | Health service tax | ८३ |

**३. कार्यालयको राजस्व संकलनको अवस्था :**

यस कार्यालयको आ.व. २०७५।७६ को बार्षिक लक्ष्य रु. ५ अर्ब १९ करोड ५२ लाख ४० हजार रहेको छ भने २०७६ बैशाख महिना सम्मको लक्ष्य रु.३ अर्ब ६६करोड ८८ लाख ६७ हजार रहेकोमा रु.३ अर्ब ८४ करोड ८३ लाख ८ हजार असुली भएको छ, जुन लक्ष्यको १०४.८९ प्रतिशत हुन आउँछ । विभिन्न शिर्षकगत रुपमा २०७६ बैशाख सम्मको राजस्व लक्ष्य र असुलीको विवरण निम्नानुसार रहेको छ ।

रु. हजारमा

| Group | 2076 / 01 को | | | 2076 / 01 सम्मको | | |
|---|---|---|---|---|---|---|
| | Monthly Target | Monthly Collection | Percent | Total Target | Total Collection | Percent |
| (A) Income Tax | 16324 | 74165 | 454.33 | 294589 | 767156 | 260.42 |
| (B) House Rent Tax | | 2235 | 0 | | 36153 | 0 |
| (C) Interest | 6302 | 6552 | 103.97 | 47695 | 51074 | 107.09 |
| (E) VAT (Internal) | 38781 | 22392 | 57.74 | 316439 | 201350 | 63.63 |
| (D) Excise (Internal) | 503287 | 471405 | 93.67 | 3010144 | 2370429 | 78.75 |
| (F) Health Service | | 82990 | 0 | | 418656 | 0 |
| (G) Education | | 166 | 0 | | 3489 | 0 |
| **Total** | **564694** | **659906** | **116.86** | **3668867** | **3848308** | **104.89** |

**४. आगामी कार्ययोजनाहरु:**

- ✓ राजस्व संकलनको लागि कार्यालय परिसरमा नै बैंक काउण्टरको स्थापना गरी राजस्व बुझ्ने सम्मका सम्पूर्ण काम बैंकबाटै गर्नका लागि आवश्यक व्यवस्था मिलाइने ।
- ✓ बक्यौता राख्ने करदाता उपर कानुनी कारबाहीको प्रकृया शुरुवात गरी निरन्तरता दिइने ।
- ✓ निरन्तर बजार अनुगमनलाई प्राथमिकताका साथ अगाडी बढाई कर सहभागितामा अभिवृद्धि गराईने ।
- ✓ राजस्व जोखिमका क्षेत्रहरु पहिचान गरी त्यस्ता क्षेत्रलाई विशेष अनुगमन गरिने ।
- ✓ करदाता मैत्री भवन निर्माण गरी हेल्प डेस्क समेतको स्थापना गरेर करदातालाई सेवा लिनको लागि सहज वातावरण मिलाइने ।
- ✓ करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरुको आयोजना तथा सञ्चार माध्यमहरुको प्रयोग गरी कर सम्बन्धी जानकारीमा सवैजसो क्षेत्रका करदाताको पहुंचमा पुऱ्याईने ।
- ✓ सरोकारवालासंग निरन्तर सहकार्य गरी करको दायरा बढाउने, राजस्व छली एवं चुहावट रोक्ने कार्यलाई निरन्तरता दिईनेछ ।

# नयाँ राजस्व संकेतहरु

| राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा आधार शीर्षक | व्याख्या | साविकको राजस्व संकेत | आ.व. २०७५।७६ बाट लागू हुने नयाँ राजस्व संकेत |
|---|---|---|---|
| एकलौटी फर्म तथा व्यक्तिगत आयमा | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। | ११११ | ११११ |
| पारिश्रमिक कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, | ११११२ | ११११२ |
| पूँजीगत लाभकर | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ। | ११११३ | ११११३ |
| निकायको मुनाफामा लाग्ने कर- सरकारी संस्थान | सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी)स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमापर्दछ। | १११२१ | १११२१ |
| निकायको मुनाफामा लाग्ने कर- पब्लिक लिमिटेड कम्पनी | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। | १११२२ | १११२२ |
| निकायको मुनाफामा लाग्ने कर-प्राइभेट लिमिटेड कम्पनी | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने | १११२३ | १११२३ |
| निकायको मुनाफामा लाग्ने कर- अन्य संस्था | माथि उल्लिखित उपशीर्षक १११२१ देखि १११२३ भित्र परेका बाहेक अन्य संस्थाहरुः- साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको | १११२४ | १११२४ |
| पुँजीगत लाभकर- निकाय | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा | १११२५ | १११२५ |
| सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ती बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर | १११३१ | १११३१ |
| ब्याजमा लाग्ने कर | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ। | १११३२ | १११३२ |
| लाभांशमा लाग्ने कर | कुनै पनि कम्पनी वा निकायमा लगानी गरे वापत् प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ। | १११३३ | १११३३ |
| लगानीसम्बन्धी अन्य आयमा लाग्ने कर | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ। | १११३४ | १११३४ |
| आकस्मिक लाभकर | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने | १११३५ | १११३५ |
| अन्य आयमा लाग्ने कर | माथि उल्लिखित शीर्षक नं. हरूमा नपरेका अन्य आयमा लाग्ने | १११३६ | १११३९ |
| पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट | ११२११ | ११२११ |
| बाँडफाँड हुने बाहेक अन्य स्रोतबाट प्राप्त हुने मू.अ.कर | सरकारका तहहरूबीच बाँडफाँड हुने गरी तोकिएका शीर्षक बाहेक बाँडफाँड नहुने गरी अन्य कुनै शीर्षकमा कानुन बमोजिम लगाईने मू.अ.कर वापतको रकम यसमा पर्दछ। | - | ११४१२ |
| स्वास्थ्य सेवा कर | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा | ११४४२ | ११४४२ |

| | | | |
|---|---|---|---|
| शिक्षा सेवा शुल्क- शैक्षिक संस्था | निजी शैक्षिक संस्थाहरूले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरूमा लाग्ने शिक्षा सेवाशुल्क यसमा पर्दछ । | ११४४३ | ११४४३ |
| शिक्षा सेवा शुल्क- वैदेशिक अध्ययन | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरुले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवाशुल्क वापत्को रकम यसमा पर्दछ । | ११४४४ | ११४४४ |
| मू.अ.क.-उत्पादन संकलन | उत्पादन कर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । | ११४११ | ३३१११ |
| मू.अ.क.-आयात | आयातकर्ताले मालसामान पैठारी गर्दा भन्सार विन्दुमै तिर्नुपर्ने मूल्य अभिवृद्धि कर यसमापर्दछ । | ११४१२ | ३३११२ |
| मू.अ.क.-वस्तु बिक्री र वितरण संकलन | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिवृद्धि कर वापत् तिर्नु | ११४१३ | ३३११३ |
| मू.अ.क.-परामर्श तथा ठेक्का संकलन | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुल भएमा यसैमा | ११४१४ | ३३११४ |
| मू.अ.क.-पर्यटन सेवा संकलन | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (र्‍याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका होटल कर असुल भएमा यसैमा | ११४१५ | ३३११५ |
| मू.अ.क.-संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापत्को रकम यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका | ११४१६ | ३३११६ |
| मू.अ.क.-बेदर्तावालाबाट गर्ने संकलन | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले सङ्कलन/दाखिला | ११४१७ | ३३११७ |
| **बाँडफाँड हुने अन्तःशुल्क** | **विभिन्न प्रकारका मालवस्तु उत्पादन गर्दा लाग्ने अन्तःशुल्क यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।** | **११४२०** | **३३१३०** |
| सुर्तिजन्य पदार्थ- संकलन | सबै प्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्रीइजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ । | ११४२१ | ३३१३१ |
| मदिरा- संकलन | मदिरा (वाईन र हल्का पेय पदार्थ समेत)मा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर | ११४२२ | ३३१३२ |
| बियर- संकलन | वियरमा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ । | ११४२३ | ३३१३३ |
| अन्य औद्योगिक उत्पादन- संकलन | माथि उल्लिखित उपशीर्षक ११४२१, ११४२२ र ११४२३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ । | ११४२४ | ३३१३४ |


**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
विष्णुप्रसाद नेपाल

**सल्लाहकार**
झलकराम अधिकारी
यज्ञ प्रसाद ढुङ्गेल
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
सम्झना बराल ढकाल
सुनिल कुमार यादव
काशिनाथ भट्टराई
राजु प्रसाद प्याकुरेल
रेणुका पोखरेल